नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ती

### बजार विकास तथा सुधारका प्रयासहरु भैरहेको समयमा लगानीकर्ताहरुलाई संयमता अपनाउन बोर्डको आग्रह ।

आर्थिक विकासको लागि आर्थिक साधन परिचालनमा धितोपत्र वजारको महत्वलाई दृष्टिगत गरी नेपाल सरकार तथा वोर्डवाट वजारको सुधार र विकासका लागि द्रुत रुपमा कार्यहरु भइरहको तथा नेपाल सरकारद्धारा गठित मुद्रा तथा पूँजी बजार सम्वन्धी कार्यदलको सुझाव अनुसार केही कार्य सम्पन्न भईसकेका, यस सम्बन्धी कार्य गर्न सम्वन्धित निकायलाई निर्देशन दिइएको, बोर्डले कानुनी संशोधनको कार्य अगाडी बढाइरहेको तथा तोकिएको सिमाभित्र केही सुधार गर्ने क्रममा रहेको अवस्थामा राष्ट्रको प्रगतिसँग गाँसिएको आगामी चैत्र १५ र १६ गते काठमाण्डौमा हुन गैरहेको अति महत्वपुर्ण दोस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनको पूर्व सन्ध्यामा उक्त सम्मेलनलाई समेत प्रतिकूल प्रभाव पार्ने गरी लगानीकर्ताको हकहित हेर्ने केही लगानीकर्ता संघ/संस्थावाट आन्दोलनको कार्यक्रम सार्वजनिक भएकोमा यस प्रति वोर्डको गम्भिर ध्यानाकर्षण भएको छ ।

नियमनकारी निकायको रुपमा वोर्डले समग्र धितोपत्र वजार र लगानीकर्ताको हितको लागि उल्लेखनीय सुधार र विकासका कार्यहरु गर्दै आइरहेको परिप्रेक्ष्यमा नियमनकारी निकायको पदाधिकारीको घर घेराउ लगायतका अन्य गैर व्यवसायिक तथा अवाञ्छित कार्यक्रमले नियमनकारी निकायलाई कमजोर वनाइ वजार विकासको कार्यमा वाधा पुग्ने तथा बजार सुसंचालन र लगानीकर्ताको हित संरक्षणमा समेत नकरात्मक प्रभाव पर्ने तर्फ समेत वोर्डको ध्यानाकर्षण भएको छ ।

नेपाल सरकारको नीति तथा वोर्डको योजना अनुसार नेपालको धितोपत्र वजारको विकास तथा धितोपत्र वजारलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन बोर्डले केही समय अगाडि देखि धितोपत्र बजार सुधार र विकासका लागि विशेष रुपमा कार्य गर्दै आईरहेको छ । यस्तो सुधार मुख्यत: लगानीकर्ताले भोगेको समस्या समाधान गर्ने, धितोपत्र बजारलाई स्वस्थ, पारदर्शी र आधुनिक बनाउने, नियमन र सुपरिवेक्षणलाई सुदृढ गर्ने तथा संस्थागत क्षमता र बजारको विकास गर्नेमा केन्द्रित छन् । वि.स. २०६४ मा धितोपत्र कारोबार मात्र स्वचालित गरिएकोमा वि.स. २०७२ माघबाट दोस्रो बजारको कारोबारलाई पूर्णरुपमा अभौतिकृत गर्ने अर्थात T+3 को पूर्ण कार्यान्वयन, धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्यता प्राप्तिसँगै धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण, लगानीकर्ताहरूले बजारको गहिराई हेर्न पाउने, धितोपत्रको प्राथमिक निष्काशनमा आस्वा (ASBA) प्रणालीको सफल प्रयोग भई घण्टौ लाईन लाग्ने अवस्थाको अन्त भएको साथै सूचीकृत कम्पनीहरुले प्रदान गर्ने नगद लाभांश तथा शेयर शेयरधनीको बैंक खाता तथा डिम्याट खातामा जम्मा हुने, कुनै पनि कम्पनीको आईपिओदेखी शेयरको लिष्टिङ्गसम्मको छ महिनाको अवधिलाई बढीमा ४० दिन र आईपिओ शेयर वितरण समय ९० दिनलाई एक हप्तामा घटाई लगानी लागत उल्लेख्य घटाईएको, शेयरको समावेशी वितरण प्रणाली अन्तर्गत कम्तिमा १० कित्ता पाउने प्रावधानले काठमाडौ लगायत ७७ जिल्लाबाट डिम्याट खातामार्फत लगानीकर्ताको संख्या बढेको, काठमाडौंमा केन्द्रित दोश्रो बजार काठमाडौं बाहिर ४१ स्थानमा पुगिसकेको र अन्य स्थानमा पनि पुग्ने व्यवस्था गरेको, मर्चेन्ट बैंकिङ्ग र दलाल व्यवसायीको पूर्वाधार क्षमता र सेवा सुदृढ गर्दै लगेको जस्ता महत्वपूर्ण सुधारहरु भई धितोपत्र बजार आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ । नेपालको धितोपत्रबजारको विकास तथा सुधार गरी धितोपत्र बजारलाई अन्तर्राष्ट्रियस्तरमा पुर्‍याउनका लागि बोर्डबाट हालसालै गरिएका सुधारात्मक/विकासात्मक कार्यहरु देहाय बमोजिम रहेका छन :

### १. प्राथमिक बजारमा भएका सुधार तथा विकास

क) २०७३ श्रावण १ गतेदेखि काठमाडौं उपत्यका र २०७३ माघ १ गतेदेखि काठमाडौं उपत्यका बाहिर समेत अर्थात नेपाल राज्यभरि सार्वजनिक निष्काशनमा दरखास्त दिने दरखास्तवालाहरुले आफ्नो डिम्याट खाता दरखास्त फाराममा अनिवार्य गर्दै सार्वजनिक निष्काशनमा आश्वा (ASBA) प्रणाली लागू गरिएको,

ख) बोर्डको "एक नेपाली एक डिम्याट खाता" अभियानले काठमाडौं बाहिरका दुर्गम क्षेत्रका लगानीकर्ताहरुको संख्या उल्लेखनिय रुपले वढाएको ।

ग) प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) का अधिकतम शेयरहरु डिम्याट अर्थात अभौतिकिकरण भएको ।

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np

घ) वास्तविक क्षेत्रका कम्पनीलाई आकर्षित गर्ने गरी धितोपत्रको प्रिमियम मूल्य निर्धारण तथा सम्भव भएसम्म दरखास्त दिने सबैलाई धितोपत्र बाँडफाँट गर्न सक्ने लगायतका धितोपत्र निष्काशन तथा बाँडफाँट गर्ने व्यवस्था,
ङ) मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ गराई मर्चेण्ट बैंकरको प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि गराउने व्यवस्था,
च) हकप्रद तथा बोनस शेयर डिम्याट खाता र नगद लाभांश लगानीकर्ताको बैंक खातामा जाने व्यवस्था,
छ) थप निष्काशन (FPO) को मूल्य निर्धारणका मापदण्ड बनाई लागू गरिएको,
ज) प्रत्यक्ष नियमनकारी निकाय नभएका कम्पनीहरुको हकप्रद तथा थप निष्काशन सम्बन्धमा नयाँ व्यवस्था ।

**२. धितोपत्रको दोस्रो बजारमा भएका सुधार तथा विकास**

क) वि.सं. २०७२ माघबाट धितोपत्रको दोस्रो बजार पूर्ण स्वचालित (Full Automation) अर्थात कारोबार, नामसारी र राफसाफको स्वचालित संचालनको व्यवस्था, जसबाट दुई-चार महिना लाग्ने नामसारी तीन दिनभित्र हुने व्यवस्था भएको,
ख) दलाल व्यवसायी सेवा शुल्कमा कटौती, धितोपत्र दलाल कम्पनीको चुक्ता पूँजी, शाखा कार्यालयको पूर्वाधार, शाखा खोल्न बोर्डको स्वीकृति लिनु पर्ने व्यवस्थाहरु सहित नियमावली संशोधन,
ग) धितोपत्र व्यवसायीहरुले प्रदान गर्ने सेवाको पूर्ण जानकारी दिन बडापत्रको व्यवस्था गर्नुका साथै महिला, अपांग तथा केटाकेटीलाई समेत समेट्ने गरी दलाल व्यवसायीको ट्रेडिङ्ग फ्लोरमा थप ट्रेडिङ्ग विण्डो उपलब्ध गराउने व्यवस्था,
घ) थप तीन क्लियरिङ्ग बैंकको व्यवस्था गरी क्लियरिङ्ग बैंक सेवालाई प्रतिस्पर्धी बनाइएको,
ङ) दोस्रो बजारको कारोबार समय परिवर्तन तथा अड लटको कारोबार शुरु,

**३. अन्य सुधारहरु**

क) बोर्डको पहलमा नेपाल सरकारले ब्रोकर सेवामा तथा धितोपत्र बजारमा भ्याट नलाग्ने व्यवस्था,
ख) बोर्डले धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions -IOSCO) को एशोसियट सदस्यता प्राप्त,
ग) बोर्ड कर्मचारी र सदस्यमा आचारसंहिता सहित सूचिकृत कम्पनीका लागि सुशासन निर्देशिका २०७५ श्रावण देखि लागू गरेको,
घ) सुपरिवेक्षण म्यानुयल लागू,
ङ) ओटिसी बजार संचालन तथा शुल्क कटौती,
च) प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता बैकल्पिक लगानी कोष प्रोत्साहन गर्न "विशिष्टिकृत लगानी कोष नियमावली, २०७५" लागू,
छ) दश जनशक्ति थप गर्नुका साथै जनशक्तिलाई प्रशिक्षित गरी नियमनकारी र सुपरीवेक्षकिय क्षमता अभिवृद्धि मार्फत संस्थागत क्षमता वढाइएको ।

यसरी नेपाल सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न अहोरात्र प्रयासरत रही लगानीकर्ताको हित संरक्षण गर्दै लगानीमैत्री वजारको विकासको दिशामा वोर्ड अगाडि वढिरहेको र सोको लागि लगानीकर्ता, धितोपत्र व्यवसायीहरु तथा अन्य सम्पुर्ण सरोकारवालाको भूमिकाको समेत उत्तिकै महत्व रहने भएकोले वजार विकासको साझा उद्देश्य प्राप्तीको लागि सवैको सहयोग र सहकार्यको अपेक्षा गर्दै वजार प्रतिकुल गतिविधी नगरी संयमता अपनाउन वोर्ड आग्रह गर्दछ ।

मिति: २०७५।१२।०४

प्रवक्ता

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np